नेपाल सरकार

# स्वास्थ्य बीमा बोर्ड

प.स. २०८०।८१
च.नं.

टेकु, काठमाडौं

नेपाल सरकार
स्वास्थ्य बीमा बोर्ड
टेकु, काठमाडौं

## आ.व. २०७९।८० को सम्पत्ति विवरण बुझाउने सम्बन्धी सूचना

१) भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५० को उपदफा (१) वमोजिम तथा अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३१ (क) को उपदफा (१) र निजामती सेवा नियमावली, २०५० को नियम ११८(१) तथा स्वास्थ्य सेवा नियमावली, २०५५ को नियम ११३ बमोजिम सार्वजनिक पद धारण गरेका व्यक्तिले त्यस्तो पद धारण गरेको मितिले साठी दिनभित्र र त्यसपछि यस आ.व. मा सेवा निवृत्त भएका कर्मचारीले समेत आर्थिक वर्ष समाप्त भएको मितिले ६० दिनभित्र आफ्नो सम्पत्ति विवरण सम्वन्धित कार्यालय मार्फत तोकिएको निकायमा बुझाउनु पर्ने र सम्पत्ति विवरण बुझाउने दायित्व सम्वन्धित कर्मचारीको हुनेछ भन्ने व्यवस्था भएकाले कानुनले तोकेको समय सीमा भित्र (मिति २०८०।०४।०१ देखि २०८०।०५।२८ सम्म) सम्पत्ति विवरण बुझाउन यस बोर्ड मातहत कार्यरत सबै कर्मचारीलाई अनुरोध छ ।

२) नेपाल राजपत्र भाग ५ खण्ड ६८ मिति २०७५ असार २० गते नेपाल सरकार, प्रधानमन्त्रि तथा मन्त्रिपरिषद्को कार्यालयको सूचना बमोजिम सम्पत्तिको स्रोत वा निस्सा सहितको अद्यावधिक विवरण पेश गर्न तोकिएको निकायको विवरण देहाय बमोजिम रहेको छ ।

| क्र.सं. | सार्वजनिक पद | विवरण पेश गर्नुपर्ने निकाय |
|---|---|---|
| १. | निजामती सेवाका कर्मचारी (स्वास्थ्य सेवा समेत) | राष्ट्रिय कितावखना (निजामती) |
| २. | नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व वा नियन्त्रण भएको वोर्डका पदाधिकारी तथा निजामती बाहेकका कर्मचारी | सम्वन्धित मन्त्रालय /स्वास्थ्य बीमा वोर्ड |

३) नेपाल राजपत्र भाग ५ खण्ड ६० संख्या १ मिति २०६७ वैशाख ६ को नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सूचना वमोजिम सम्पत्ति विवरण फाराम भरी खाम वाहिर देहायको ढाँचामा विवरण उल्लेख गरी पठाउनु पर्नेछ ।

| | |
|---|---|
| क. कर्मचारीको सङ्केत नम्वरः | ङ. श्रेणी/तह |
| ख. नाम, थरः | च. कार्यरत कार्यालयः |
| ग. पद/दर्ताः | छः मोवाइन नं. |
| घ. सेवा/समूहः | जः ई-मेल ठेगाना |

फोन नं. ०१-४१००२२३, टोल फ्रि १६६००१११२२४


Scanned with CamScanner